नेपाल बैंक लिमिटेड
(स्थापित वि.सं. १९९४)
नेपालको पहिलो बैंक

मिति:२०७२/०१/०८

# नेपाल बैंक लिमिटेडको नयाँ भुक्तानी प्रविधि

नेपाल बैंक लिमिटेडले आफ्ना ग्राहकहरुलाई आधुनिक एवं भरपर्दो बैंकिङ्ग सेवा प्रदान गर्ने क्रममा हालै अमेरिकाको Payment Information Technology Company "Nuspay International Incorporated" संग रणनीतिक सम्झौता गरेको छ । यसले यस बैंकका ग्राहकहरुको दैनिक कारोवारलाई थप सहज बनाउनुका साथै ग्राहकहरुव्दारा दैनिकरुपमा विभिन्न व्यापारिक केन्द्रहरुमा गरिने भुक्तानीको प्रकृयालाई Online तथा E-Commerce को माध्यमबाट सहज र सरल बनाउने छ । यो प्रविधि आजको आवश्यकता मात्र नभै भुक्तानी प्रकृयालाई सुरक्षित बनाउनु पनि हो । यसमा Token System मा आधारित Virtual Bank Account मार्फत भुक्तानी गर्ने प्रविधि र हालै विकसित NFC (Near Field Communication) प्रविधिमा आधारित Card तथा Contactless Mobile मार्फत भुक्तानी गर्ने प्रविधि समावेश हुनेछ । नेपाल बैंक लिमिटेडले प्रयोग गर्न लागेको यो Virtual Bank Account प्रविधि नेपालमा मात्र नभै विश्वमा नै पहिलो पटक लागु हुनेछ । यस प्रविधिको सञ्चालन नेपालको लागि स्थानिय साझेदार N-Cloud Private Limited ले गर्ने छ ।



(सूर्यमान राजभण्डारी)
जनसम्पर्क अधिकृत

Nepal Bank Limited, Head Office, Dharmapath, Kathmandu
Tel: 4247999 Fax: 4220414 info@nepalbank.com.np www.nepalbank.com.np